# व्यवस्थापिका-संसद
# **अर्थ समिति**
# **निर्णय**

| बैठक संख्या | मिति | निर्णय |
|---|---|---|
| ५५ | २०७२/०९/०८ | १. समितिको आजको बैठकमा पेश भएको व्यवस्थापिका-संसद, अर्थ समितिको वार्षिक प्रतिवेदन, २०७२ माथि छलफलका क्रममा प्राप्त सुझावहरुलाई समावेश गरी पारित गर्ने । थप संशोधन गर्नु पर्ने देखिएमा मा. सदस्यहरुले आजको मितिले ३ दिनभित्र समिति सचिवालयमा सुझाव पेश गर्ने । प्राप्त सुझावका आधारमा प्रतिवेदनलाई आवश्यक परिमार्जन गरी सभापतिले सभामा पेश गर्ने निर्णय गरियो । |
| ५६ | २०७२/१०/०३ | १. समितिमा प्राप्त “बैङ्क तथा वित्तीय संस्था सम्बन्धी कानूनमा संशोधन तथा एकीकरण गर्न बनेको विधेयक, २०७२” माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरु सहित माननीय अर्थ मन्त्री र सचिव, राष्ट्र बैङ्कका गभर्नर र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिवलाई आमन्त्रण गरी समितिमा छलफल गर्न मिति २०७२/१०/०४ गते बैठक बस्ने । |
| ५७ | २०७२/१०/०४ | १. समितिमा प्राप्त “बैङ्क तथा वित्तीय संस्था सम्बन्धी कानूनमा संशोधन तथा एकीकरण गर्न बनेको विधेयक, २०७२” माथि दफावार छलफल गरी समितिमा प्रतिवेदन पेश गर्न समिति अन्तर्गत तपशील बमोजिम सात सदस्यीय उपसमितिको गठन गर्ने ।<br>तपशील :<br>(१) मा० श्री उदय शम्शेर जवरा<br>(२) मा० श्री इच्छाराज तामाङ<br>(३) मा० श्री केदार सञ्जेल<br>(४) मा० श्री गोपाल दहित<br>(५) मा० श्री गोमा कुंवर<br>(६) मा० श्री दिपक प्रसाद कुईकेल<br>(७) मा० श्री विमल कुमार केडिया<br>२. निर्णय नं. १ बमोजिम गठित उपसमितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्ने र उपसमितिले आजको मितिले १५ दिन भित्रमा समिति समक्ष प्रतिवेदन पेश गर्ने । |
| ५८ | २०७२/१०/०५ | १. सहकारी ऐन सम्बन्धी संशोधन विधेयक सम्बन्धित सरोकारवाला पक्षसंग समन्वय गरेर यथाशिघ्र अघि बढाउन सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई निर्देशन तथा सुझाव दिने ।<br>२. सहकारी तथा गरिवी निवारण मन्त्रालयको भावि कार्ययोजना आजको मितिले ७ दिन भित्रमा समिति समक्ष उपलब्ध गराउन निर्देश गर्ने ।<br>३. सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई समितिका निर्णयहरु कार्यान्वयनका लागि समितिले विगतमा दिएको निर्देशनहरु तत्काल कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५९ | २०७२/१०/११ | १. समितिमा प्राप्त बैंकिङ्ग कसूर तथा सजाय ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७१ माथि दफावार छलफल गरी समितिमा सुझाव सहितको प्रतिवेदन पेश गर्न तपसिल बमोजिम सात सदस्यीय उपसमितिको गठन गर्ने :-<br>तपसिल :<br>(१) मा.श्री ओमदेवी मल्ल |

| | | |
|---|---|---|
| | | (२) मा.श्री जगदिश्वर नरसिंह के.सी.<br>(३) मा.श्री प्रमिला राणा<br>(४) मा.श्री विदुर प्रसाद सापकोटा<br>(५) मा.शेर बहादुर तामाङ्ग<br>(६) मा.डा. सुबोध कुमार पोखरेल<br>(७) मा.श्री हरिलाल ज्ञवाली<br>२. समितिमा प्राप्त कर्मचारी सञ्चय कोष (नवौं संशोधन) विधेयक, २०७१ र लेखापरीक्षण (पहिलो संशोधन) विधेयक, २०७१ माथि दफावार छलफल गरी समितिमा सुझाव सहितको प्रतिवेदन पेश गर्न तपसिल बमोजिम सात सदस्यीय उपसमितिको गठन गर्ने :-<br>तपसिल :<br>(१) मा.श्री अब्दुल रज्जाक गद्दी<br>(२) मा.श्री पुष्पलता लामा<br>(३) मा.श्री मदन कुमारी शाह (गरिमा)<br>(४) मा.श्री रमणी राम<br>(५) मा.श्री रमेश प्रसाद कुर्मी<br>(६) मा.श्री रेवती रमण भण्डारी<br>(७) मा.श्री सिर्जना तरामु खत्री<br>३. निर्णय नं. १ र २ बमोजिम गठित उपसमितिले आफ्नो कार्यविधि आफैं निर्धारण गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने । |
| ६० | २०७२/१२/०३ | १. विकास बजेट खर्चको अवस्था, योजना/आयोजनाको अख्तियारी एवं कार्यान्वयनका सम्बन्धमा आगामी बैठकमा अर्थ मन्त्रालय, वातावरण तथा जनसंख्या मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालय लगायत विकाससँग सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग छलफल गर्ने,<br>२. समितिमा प्राप्त विधेयकहरुसँग सम्बन्धित उपसमितिहरुले तत्काल कार्य प्रारम्भ गरी समयमा नै प्रतिवेदन बुझाउने,<br>३. पूर्व बजेट छलफल र भन्सार कार्यालय तथा भन्सार नाकाहरुको अवलोकन सम्बन्धमा समितिले निर्धारण गरेको समयमा स्थलगत भ्रमण गरी तपसिलका जिल्लाहरुमा कार्यक्रम संचालन गर्न सचिवालयमा स्विकृतीको लागि अनुरोध गर्ने ।<br>उक्त कार्यक्रममा आवश्यकतानुसार एन.डी.आई. नेपालको पनि सहयोग लिने ।<br>**तपसिलका जिल्लाहरु** :<br>१. ईलाम - सप्तरी (७ दिन),<br>२. सिन्धुपाल्चोक - दोलखा (७ दिन),<br>३. कैलाली - दार्चुला (७ दिन),<br>४. कास्की - मुस्ताङ्ग (७ दिन),<br>५. हुम्ला र हुम्लाको नाका अवलोकन (७ दिन) । |
| ६१ | २०७२/१२/०७ | ● "निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमान स्थल आयोजना" नेपाल सरकारको राष्ट्रिय गौरवको आयोजना भएकोले राष्ट्रको अधिकतम हितलाई केन्द्रमा राखी नेपाल सरकार आफैले आर्थिक स्रोत व्यवस्थापन गरी विमान स्थलको ड्रईङ्ग डिजाइन र लागत अनुमान, जग्गा अधिग्रहण, पुनःर्वासको व्यवस्था, विमान स्थल क्षेत्रभित्र रहेका रुखहरुको व्यवस्थापन आदि विषयहरुमा तत्काल निर्णय गरी छिटो छरितो र पारदर्शी ढङ्गबाट आधुनिक प्रविधियुक्त विमानस्थलको निर्माण कार्य तत्काल अगाडी बढाउन नेपाल सरकार, अर्थ मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने ।<br>● काठमाडौं तराई/मधेश द्रुत मार्गको निर्माण कार्य नेपाल सरकार आफैंले निर्माण गर्ने गरी नेपाल |

<table>
<tr><td></td><td></td><td>सरकारलाई निर्देशन दिने ।<br>● सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा हुन गइरहेको चीन भ्रमण कार्यक्रमको सफलताको लागि समितिको तर्फबाट शुभकामना व्यक्त गर्ने ।</td></tr>
<tr><td>६२</td><td>२०७३/०१/०५</td><td>● आगामी आर्थिक वर्षको बजेटको प्राथमिकता सम्बन्धमा छलफल गर्न माननीय अर्थ मन्त्री, माननीय राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, लगायत सम्बन्धित पदाधिकारीहरुलाई समितिको मिति २०७३।०१।०७ गते बिहान ९:०० बजे बस्ने समितिको बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।<br>● समितिमा प्राप्त संशोधन सहितको नेपाल राष्ट्र बैंक ऐन २०५८ लाई संशोधन गर्न बनेको विधेयक २०७१ माथि दफावार छलफल गरी समितिमा प्रतिवेदन पेश गर्न देहाय बमोजिमको ७ सदस्यीय उपसमिति गठन भयो ।<br>
<table>
<tr><th>क्र.सं.</th><th>नाम, थर (वर्णानुक्रममानुसार)</th></tr>
<tr><td>१.</td><td>मा. श्री इच्छाराज तामाङ्ग</td></tr>
<tr><td>२.</td><td>मा. श्री कमला पन्त</td></tr>
<tr><td>३.</td><td>मा. श्री गोपाल दहित</td></tr>
<tr><td>४.</td><td>मा. श्री दलबहादुर सुनार</td></tr>
<tr><td>५.</td><td>मा. श्री विक्रम पाण्डे</td></tr>
<tr><td>६.</td><td>मा. श्री शंकर भण्डारी</td></tr>
<tr><td>७.</td><td>मा. श्री हरिलाल ज्ञवाली</td></tr>
</table>
उपसमितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।<br>● समितिमा प्राप्त संशोधन सहितको निक्षेप तथा कर्जा सुरक्षण कोषको स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७२ माथि दफावार छलफल गरी समयमा नै समितिमा प्रतिवेदन पेश गर्न देहाय बमोजिमको ७ सदस्यीय उपसमिति गठन भयो ।<br>
<table>
<tr><th>क्र.सं.</th><th>नाम, थर (वर्णानुक्रममानुसार)</th></tr>
<tr><td>१.</td><td>मा. श्री केदारप्रसाद संजेल</td></tr>
<tr><td>२.</td><td>मा. श्री गोमा कुँवर</td></tr>
<tr><td>३.</td><td>मा. श्री गौरा प्रसाई</td></tr>
<tr><td>४.</td><td>मा. श्री चन्द्रकान्त भण्डारी</td></tr>
<tr><td>५.</td><td>मा. श्री नरबहादुर चन्द</td></tr>
</table>
</td></tr>
</table>

| | | |
|---|---|---|
| | | <table><tr><td>६.</td><td>मा. श्री रीता शाही</td></tr><tr><td>७.</td><td>मा. श्री सिर्जना तरामु खत्री</td></tr></table> उपसमितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ । |
| ६३ | २०७३/ ०१/०७ | • बैठकमा माननीय अर्थ मन्त्री तथा राष्ट्रिय योजना आयोगका पदाधिकारीसँग आगामी आर्थिक वर्षको बजेटको प्राथमिकता सम्बन्धमा छलफल भयो ।<br>• समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो । |
| ६४ | २०७३/ ०१/३० | • बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष तथा सचिवसँग आगामी आ.व. २०७३/७४ को बजेट सम्बन्धमा अर्न्तक्रिया तथा छलफल भयो ।<br>• समितिले यस अघि गरेका निर्णयहरु, पूर्व बजेटको छलफलको सम्बन्धमा दार्चुला, कैलाली र बर्दिया जिल्लाबाट प्राप्त भएका महत्वपूर्ण सुझावहरु र आजको बैठकमा माननीय सदस्यहरुले पूर्व बजेट सम्बन्धमा उठाउनु भएका प्रमूख विषयहरुलाई कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।<br>• पूर्व बजेट सम्बन्धमा समितिबाट गएको टोलीले दार्चुला, कैलाली र बर्दिया जिल्लामा गई सो सम्बन्धमा अन्तरक्रिया तथा छलफल कार्यक्रमगरी त्यहाबाट प्राप्त भएका लिखित तथा मौखिक सुझावहरुलाइर्क संकलन गरी तयार पारेको प्रतिवेदन पारित गरियो साथै सो प्रतिवेदनलाई कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो । |
| ६५ | २०७३/ ०२/० ७ | • समितिका आगामी बैठकहरुको कार्यसूचीका सम्बन्धमा छलफल भयो ।<br>• वजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा समितिबाट गएको टोलीले सुनसरी, ताप्लेजुङ्ग, दोलखा र सिन्धुपाल्चोक जिल्लामा गई सो सम्बन्धमा अन्तरक्रिया तथा छलफल कार्यक्रमगरी त्यहाबाट प्राप्त भएका लिखित तथा मौखिक सुझावहरुलाई संकलन गरी तयार पारेको प्रतिवेदन पारित गर्‍यो साथै सो प्रतिवेदनलाई कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गर्‍यो ।<br>• समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो । |
| ६६ | २०७३/ ०२/११ | • अर्थ समितिले नेपाल सरकारलाई यस अघि दिएको “काठमाडौं तराई/मधेश द्रुत मार्ग” र “निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमान स्थल आयोजना” निर्माण कार्य नेपाल सरकार आफैले गर्ने गरी व्यवस्थापन गर्न निर्देशन दिएकोमा सो कुरा नेपाल सरकारको नीति तथा कार्यक्रममा समावेश भएकोमा समितिको तर्फबाट नेपाल सरकारलाई धन्यवाद दिने निर्णय भयो ।<br>• उक्त आयोजनाहरु ५ वर्षभित्र सम्पन्न गर्ने गरी यस आ.व.मा रु. १५ देखि २० अर्ब बजेट विनियोजन गर्न र हुलाकी राजमार्ग समयमा नै सम्पन्न गर्नको लागि पर्याप्त बजेट विनियोजन गर्न नेपाल सरकारलाई निर्देशन दिने निर्णय भयो ।<br>• “निक्षेप तथा कर्जा सुरक्षण कोषको स्थापना गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७१ माथि दफावार छलफल गरी समितिमा सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित उपसमिति” ले पेश गरेको प्रतिवेदन माथि छलफल भई पारित भयो ।<br>• समितिको अर्को बैठक २०७३।०२।१२ गते बिहान ८ बजे बस्ने गरी स्थगित भयो । |
| ६७ | २०७३/ ०२/१२ | • समितिमा पेश भएका बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ र बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२ सम्बन्धी उपसमितिले पेश गरेका प्रतिवेदनहरुमाथि विस्तृत छलफल भई संशोधन सहित पारित गरी समितिद्वारा तयार पारिएको प्रतिवेदन व्यवस्थापिका-संसदको बैठकमा पेश गर्ने निर्णय भयो ।<br>• समितिको मिति २०७३।०२।१३ गते बस्ने बैठकमा ओरियण्टल सहकारी संस्था सम्बन्धमा विस्तृत |

| | | |
|---|---|---|
| | | छलफल गर्नको लागि माननीय उपप्रधान मन्त्री, सहकारी तथा गरिवी निवारण मन्त्रालय र माननीय गृह मन्त्री, गृह मन्त्रालय, सो मन्त्रालयका सचिव तथा अन्य पदाधिकारी, ओरियण्ट सहकारी संस्थाद्वारा पिडित पक्ष, राष्ट्रिय सहकारी संघ लिमिटेड लगायतका प्रतिनिधिहरुलाई आमन्त्रण गर्ने । |
| ६८ | २०७३/०२/१३ | • संशोधनको प्रक्रियामा रहेको सहकारी ऐनलाई समयमानुकूल विस्तृत रुपमा सहकारीमा रहेको समस्यालाई समाधान गर्ने र सहकारी मूल्य मान्यतालाई समेत समेट्ने गरी तत्काल अघि बढाउन तथा समस्याग्रस्त सहकारी संघ संस्थाको व्यवस्थापन पुन : आयोग गठन सम्बन्धी प्रक्रिया तत्काल अगाडि बढाउन सरकारलाई निर्देशन दिने ।<br>• ओरियण्टल सहकारी संस्थाको नाममा रहेको, सो सहकारी संस्थाको अध्यक्ष, संचालक, पदाधिकारी, उच्च ओहदाको कर्मचारी, परिवार तथा नातेदार लगायतको नाममा रहेको चल अचल सम्पत्ति, विभिन्न बैंक तथा वित्तिय संस्थाहरुमा धितो बन्धक रहेको वा धितो बन्धक नरहेको चल अचल सम्पत्ति, बैंक तथा वित्तिय संस्थाले आफ्नो ऋण असूली गर्ने प्रक्रियामा उक्त चल अचल सम्पत्तिको सार्वजनिक बोल कबोल मार्फत बिक्रि बितरण गरी बैंक तथा वित्तीय संस्थाको ऋण, उक्त सहकारी संस्थामा बचत तथा निक्षेप जम्मा गर्ने बचत तथा निक्षेपकर्ताको बचत तथा निक्षेप फिर्ता हुने गरी दामासाहीको आधारमा आ-आफ्नो ऋण असूल उपर हुने गरी काम कारवाही गर्ने गराउने गरी व्यवस्था गर्न नेपाल सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकलाई निर्देशन दिने ।<br>• ओरियण्टल सहकारी संस्थाका अध्यक्ष, संचालक तथा उच्च पदस्थ कर्मचारीलाई तुरुन्त नियन्त्रणमा लिई आवश्यक कारवाही गर्न गृह मन्त्रालयलाई निर्देशन दिने । |
| ६९ | २०७३/०२/२१ | • दुर संचार प्रदायक कम्पनी एनसेल, नेपालमा दर्ता भएको, नेपालमा लगानी गरेको र नेपालमा नेपालीहरुसँग कारोवार गरी नाफा कमाएको कम्पनी हो । सो कम्पनीले शेयर बिक्रि गरी स्वामित्व हस्तान्तरण भएपछि त्यसबाट पूँजी आर्जन गरेको अर्थात् पूँजीगत लाभ प्राप्त गरेकोले तिर्नु पर्ने र असूल गर्नुपर्ने सम्पूर्ण कर तत्काल असूल गरी अर्थ समितिलाई जानकारी गराउन नेपाल सरकार, अर्थ मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।<br>• नेपालमा कम्पनी दर्ता गरी नेपालमा नाफा कमाएपछि र शेयर बिक्रि गरी बिक्रेताबाट स्वामित्व हस्तान्तरण गरेर पूँजीगत लाभ लिए पछि नेपालमा नै बिक्रि कर तिर्नु पर्छ भन्ने कुरा प्रष्ट छ । एनसेलका विगतका शेयर धनीहरुका हकमा विगतमा विभिन्न कारोवारहरु भएका, पटक पटक शेयर स्वामित्व हस्तान्तरण हुँदा कम मूल्य राखी कर दाखिला गरिएको र हालको कारोवार गर्ने पक्षलाई ध्यानमा राखेर को बाट के कति अनियमितता भएको हो सो सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग मार्फत छानविन गरी दोषीलाई कानूनी कारवाही प्रक्रिया अगाडी बढाउन नेपाल सरकारलाई निर्देशन दिने निर्णय गरियो ।<br>• एनसेलबाट सम्पूर्ण कर असूली गरेसकेपछि मात्र सो कम्पनीको पूँजी बृद्धि लगायतका अन्य थप व्यवसायिक योजना/प्रस्तावहरु अघि बढाउन उद्योग मन्त्रालय र सूचना तथा संचार मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।<br>• समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो । |
| ७० | २०७३/०२/३२ | • कर्मचारी सञ्चय कोष (नवौं संशोधन) विधेयक, २०७१ र लेखापरीक्षण (पहिलो संशोधन) विधेयक, २०७१ माथि दफावार छलफल गरी समितिमा सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित उपसमितिले तयार पारेका उक्त विधेयक सम्बन्धी प्रतिवेदनहरु समितिमा पेश गऱ्यो साथै बैठकमा ती प्रतिवेदनहरुमाथि छलफल भयो ।<br>• लेखा परीक्षण (पहिलो संशोधन) विधेयक, २०७१ का सम्बन्धमा देहाय बमोजिमका संशोधन गर्ने निर्णय भयो ।<br>१. **लेखा परीक्षण (पहिलो संशोधन) विधेयक, २०७१ को प्रस्तावनामा संशोधन** : लेखा परीक्षण |

| | | |
|---|---|---|
| | | (पहिलो संशोधन) विधेयक, २०७१ (यसपछि  मूल विधेयक भनिएको) को प्रस्तावनामा रहेका “नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ” भन्ने शब्दहरुको सट्टा “नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ” भन्ने शब्दहरु राख्ने ।<br>२. **मूल विधेयकको दफा १ मा संशोधन**: मूल विधेयकको दफा १ को उपदफा (१) मा रहेका “लेखा परीक्षण (पहिलो संशोधन) ऐन, २०७१” भन्ने शब्दहरुको सट्टा “लेखा परीक्षण (पहिलो संशोधन) ऐन, २०७३” भन्ने शब्दहरु राख्ने ।<br>३. **मूल विधेयकको दफा २ मा संशोधन** : मूल विधेयकको दफा २ मा देहायको उपदफा (१) थपी त्यसपछिको क्रम संख्या मिलाउने :-<br>(१) मूल ऐनको दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने :-<br>“(क) “सरकारी कार्यालय” भन्नाले राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकायको कार्यालय, महान्यायाधिवक्ताको कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायत संघीय, प्रदेश तथा स्थानीय तहका सबै सरकारी कार्यालय र अदालत सम्झनु पर्छ ।”<br>४. **मूल विधेयकको दफा ५ मा संशोधन** : मूल विधेयकको दफा ५ अन्तर्गत मूल ऐनको दफा ४ खण्ड (ज) मा रहेको “अनुशरण गरे नगरेको” भन्ने शब्दहरु पछि “सम्बन्धित सरकारी निकायले आवश्यक बजेट समयमा उपलब्ध गराए नगराएको ” भन्ने शब्दहरु थप गर्ने ।<br>● बैठकमा बजेट कार्यान्वयन र पूँजीगत खर्च बृद्धि सम्बन्धमा कास्कीको पोखरा र मुस्ताङ्गको जोमसोममा राजनीतिक दलका प्रतिनिधि, सरकारी कार्यालयका प्रमुखहरु एवं पत्रकारहरुसँग अर्न्तरक्रिया कार्यक्रम सम्पन्न गर्ने । साथै मुस्ताङ्गस्थित कोरलानाकाको स्थलगत अवलोकन गर्ने निर्णय भयो ।<br>● समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो । |
| ७१ | २०७३/०३/२० | ● बैठकमा नेपाल राष्ट्र बैंक ऐन २०५८ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ माथि दफावार छलफल गरी समितिमा सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित उपसमितिले तयार पारेका उक्त विधेयक सम्बन्धी प्रतिवेदन उपसमितिका संयोजक मा. श्री विक्रम पाण्डेले समिति समक्ष पेश गर्नु भयो ।<br>● बैठकले कर्मचारी सञ्चय कोष (नवौं संशोधन) विधेयक, २०७१ माथि दफावार छलफल गरी समितिमा सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित उपसमिति ले तयार पारेको प्रतिवेदनमा देहाय बमोजिमको संशोधन गरी पारित गऱ्यो । साथै उक्त विधेयक सम्बन्धी समितिले तयार पारेको प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने निर्णय भयो :<br>**कर्मचारी सञ्चय कोष (नवौं संशोधन) विधेयक २०७१ मा गरिएका परिमार्जनहरु**<br>१. **कर्मचारी सञ्चय कोष (नवौ संशोधन) विधेयक २०७१ को प्रस्तावनामा संशोधन**:कर्मचारी सञ्चय कोष (नवौ संशोधन) विधेयक २०७१ (यसपछि मूल विधेयक भनिएको) को प्रस्तावनामा रहेको “नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ” भन्ने शब्दहरुको सट्टा “नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ” भन्ने शब्दहरु राख्ने ।<br>२. **मूल विधेयकको दफा १ मा संशोधन** : मूल विधेयकको दफा १ को उपदफा (१) मा रहेका “कर्मचारी सञ्चय कोष (नवौं संशोधन) ऐन २०७१”, भन्ने शब्दहरुको सट्टा “कर्मचारी सञ्चय कोष (नवौं संशोधन) ऐन २०७३” भन्ने शब्दहरु राख्ने ।<br>३. **मूल विधेयकको दफा ३ मा संशोधन** : मूल विधेयकको दफा ३ को खण्ड (ख१) मा रहेका |

"मजदुर तथा चिया बगानका कामदार समेतलाई" भन्ने शब्दहरुको सट्टा "श्रमिक, चिया बगानका श्रमिक तथा सहकारी संघ संस्थामा कार्यरत कर्मचारी समेतलाई" भन्ने शब्दहरु राख्ने ।

४. **मूल विधेयकको दफा १२ मा संशोधन : मूल विधेयकको दफा १२ अन्तर्गत रहेको,-**

(१) मूल ऐनको दफा १९ को,-

(क) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राख्ने :-

"(ज) कोषले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको कुनै निकायद्वारा प्रबर्द्धित उर्जा उत्पादन र प्रशारण, कृषि विकास, पर्यटन र ठूला पूर्वाधार निर्माणको क्षेत्रमा शेयर लगानी गर्न सक्ने ।"

(ख) खण्ड (ट) मा रहेका "घर घडेरी सोझै वा किस्तावन्दीमा" भन्ने शब्दहरु पछि "सञ्चयकर्तालाई" भन्ने शब्द थप्ने ।

(ग) खण्ड (ट) पछि देहायको खण्ड (ठ) थपी त्यसपछिको खण्डक्रम मिलाउने ।

"(ठ) कोषले आफै वा अरु संस्थाहरुसँग मिली विश्वविद्यालय, शिक्षण अस्पताल, मेडिकल कलेज लगायत शैक्षिक क्षेत्र, औषधी उत्पादन, उर्जा उत्पादन, पर्यटन, कृषि विकासमा सम्भाव्यता अध्ययन गरी लगानी गर्न सक्ने ।"

(घ) खण्ड (फ) झिकी त्यसपछिको खण्ड क्रम मिलाउने ।

५. **मूल विधेयकमा दफा १३ थप गर्ने**: मूल विधेयकको दफा १२ पछि देहायको दफा १३ थपी त्यस पछिका दफाहरुको दफा क्रम मिलाउने :-

"१३. **मूल ऐनमा दफा १९क. थप :** मूल ऐनको दफा १९ पछि देहायको दफा १९क. थप्ने :-

"१९क. **असूल उपर गर्ने** : (१) सञ्चयकर्ताको मासिक पारिश्रमिक रकमबाट कोषमा जम्मा गर्ने प्रयोजनको लागि कट्टा गरेको रकम र सो रकममा प्रचलित कानून बमोजिम थप हुने रकम समेत कोषमा जम्मा गरिदिनु पर्ने जिम्मेवारी रहेको कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कोषमा रकम जम्मा गर्न नपठाएको पाइएमा त्यस्तो कर्मचारीबाट कोषले सञ्चयकर्ताको कोषमा जम्मा हुनु पर्ने रकम र सो रकममा कोषबाट पाउने व्याज समेतको हिसाब गरी हुन आउने एकमुष्ट रकम सम्बन्धित सञ्चयकर्ताको कोषको खातामा जम्मा गर्न कोषले अवधि तोकी सम्बन्धित कर्मचारीलाई आदेश दिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र सम्बन्धित कर्मचारीले सञ्चयकर्ताको रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको अवधिभित्र सञ्चयकर्ताको रकम कोषमा जम्मा नगरेमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोषले त्यस्तो कर्मचारीको नाउँमा रहेको कोषको खाताको रकमबाट असूल उपर गरी सञ्चयकर्ताको खातामा जम्मा गरिदिनेछ ।

(४) उपदफा (३) बमोजिम असूल गर्दा सञ्चयकर्ताको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा कोषले त्यस्तो कर्मचारीको अन्य चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असूल उपर गरी सञ्चयकर्ताको खातामा जम्मा गरिदिनेछ ।"

६. **मूल विधेयकमा दफा १५ थप गर्ने**: मूल विधेयकको दफा १४ पछि देहायको दफा १५ थप गरी त्यस पछिका दफाहरुको दफा क्रम मिलाउने :-

| | | |
|---|---|---|
| | | “१५. **मूल ऐनको दफा २९ मा संशोधन** : मूल ऐनको दफा २९ को उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थप्ने :-<br>“(४) सञ्चयकर्ताको रकम कोषमा जम्मा गर्नु पर्ने जिम्मेवारी रहेको कर्मचारीले त्यस्तो रकम कोषमा जम्मा नगरेको पाइएमा त्यस्तो कर्मचारीलाई सञ्चयकर्ताको कोषमा जम्मा हुनुपर्ने रकम र सो रकममा कोषबाट पाउने व्याज समेतको हिसाब गरी हुन आउने एकमुष्ट रकम बराबरको रकम जरिबाना हुनेछ ।<br>(५) कोषले सञ्चयकर्ताको रकम कोषमा जम्मा नगर्ने कर्मचारीलाई उपदफा (४) मा उल्लिखित जरिबानाका अतिरिक्त प्रचलित कानून बमोजिम विभागीय कारबाहीका लागि अख्तियारवाला समक्ष लेखी पठाउनेछ ।” |
| ७२ | २०७३/०३/२१ | • बैठकले नेपाल राष्ट्र बैंक ऐन २०५८ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ माथि दफावार छलफल गरी समितिमा सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित उपसमिति ले तयार पारेको प्रतिवेदनमा देहाय बमोजिमको संशोधन गरी पारित गर्‍यो । साथै उक्त विधेयक सम्बन्धी समितिले तयार पारेको प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने निर्णय भयो :<br>**नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको बिधेयकमा गरिएको परिमार्जनहरु :-**<br><br>१. **नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको बिधेयक, २०७१ को प्रस्तावनामा संशोधन** : नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको बिधेयक, २०७१ (यस पछि मूल विधेयक भनिएको) को प्रस्तावनामा रहेका “नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।” भन्ने शब्दहरुको सट्टा “नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।” भन्ने शब्दहरु राख्ने ।<br>२. **मूल विधेयकको दफा १ मा संशोधन** : मूल विधेयकको दफा १ को उपदफा (१) मा रहेका “नेपाल राष्ट्र बैङ्क (दोश्रो संशोधन) ऐन, २०७१” भन्ने शब्दहरुको सट्टा “नेपाल राष्ट्र बैङ्क (दोश्रो संशोधन) ऐन, २०७३” भन्ने शब्दहरु राख्ने ।<br>३. **मूल विधेयकको दफा ९ मा संशोधन** : मूल विधेयकको दफा ९ अन्तर्गत रहेको दफा ४१ को उपदफा (१) को खण्ड (ग) मा रहेका “नेपाल सरकारको स्वीकृतिमा” भन्ने शब्दहरु हटाउने ।<br>४. **मूल विधेयकमा दफा ११ मा संशोधन** : मूल विधेयकको दफा ११ अन्तर्गत रहेको मूल ऐनको दफा ४५ को उपदफा (१) मा रहेका “नेपाल सरकारको तर्फबाट जारी गरेको ऋणपत्र वा बैङ्क आफैंले जारी गरेको ऋणपत्र” भन्ने शब्दहरुको सट्टा “नेपाल सरकारको तर्फबाट जारी गरेको ऋणपत्र वा बैङ्कले जारी गरेको वा तोकेको ऋणपत्र” भन्ने शब्दहरु राख्ने ।<br>५. **मूल विधेयकको दफा ५ पछि देहायको दफा ६ थपी त्यसपछिका दफा क्रम संख्या मिलाउने** :<br>**“६. मूल ऐनको दफा ३२ मा संशोधन :-** मूल ऐनको दफा ३२ को उपदफा ३ झिकिएको छ”।<br>**६. मूल विधेयकको दफा २८ मा संशोधन** : मूल विधेयकको दफा २८ अर्न्तगत रहेको दफा १०६क को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने ।<br><br>“(२) डिपुटी गभर्नर र बैंकका कार्यकारी निर्देशक आफ्नो पदबाट हटेको वा अवकाश पाएको मितिले तीन वर्षसम्म र बैंकको अधिकृत स्तरको कर्मचारी आफ्नो पदबाट हटेको वा अवकाश पाएको मितिले दुई वर्षसम्म कुनै पनि बाणिज्य बैंक वा वित्तीय संस्थामा कुनै पनि हैसियतमा रही काम गर्न हुदैन ।<br>तर यस उपदफामा तोकिएको समयावधि पुरा भएपछि कुनै पनि बाणिज्य बैंक वा वित्तिय संस्थामा कुनै पनि हैसियतमा रही काम गर्नको लागि सम्बन्धित डिपुटी गभर्नर, कार्यकारी निर्देशक वा अधिकृतले बैंकको पूर्व स्विकृति लिनु पर्नेछ ।” |

| | | |
|---|---|---|
| ७३ | २०७३ /०३/ २७ | ● बैठकमा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक व्यवस्थापिका-संसदको बैठकले पुन : विचारार्थ समितिमा पठाउनका कारणका सम्बन्धमा माननीय अर्थ मन्त्रीज्यूले स्पष्ट पार्नु भयो । साथै सो बैठकमा उक्त विधेयकका सम्बन्धमा नेपाल राष्ट्र बैंकका गभर्नर र अर्थ सचिवले पनि आ-आफ्नो धारणा राख्नु भएको थियो ।<br>● समितिको अर्को बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो । |
| ७४ | २०७३ /०४/ १४ | ● उद्योग व्यवसायको प्रबर्द्धनमा समिति सकारात्मक रहेको, कुनै पनि करदाताबाट राज्यलाई प्राप्त हुनुपर्ने कर/राजस्व प्राप्त हुनुपर्ने, एनसेलले तिर्नु पर्ने कर/राजस्व सम्बन्धमा सम्बन्धित मन्त्रालयहरु वीच समन्वय भई समितिको पूर्व निर्णय बमोजिम असूल हुनुपर्ने, एनसेल कम्पनीको आ.व.२०७१/०७२ को वासलात बमोजिम हालसम्म खर्च भई कायम भएको पूँजि, लगानी र जडान भइसकेका उपकरण सामाग्री लगायत अचल सम्पत्तिको हिसाब किताब भइसकेको र लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएको विषयलाई नियमानुसार अभिलेखीकरण गर्न सक्ने र एनसेलको पूँजि बृद्धि बारे थप अध्ययन गर्नुपर्ने लगायतका अन्य विषयमा समेत बैठकमा छलफल भयो । बैठकमा माननीय उद्योग मन्त्री, उद्योग सचिव, सूचना तथा संचार सचिव, नेपाल दुरसंचार प्राधिकरणका अध्यक्ष र उद्योग विभागका महानिर्देशकको उपस्थिति रहेको थियो ।<br>● समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो । |
| ७५ | २०७३ /०५/ २३ | ● व्यवस्थापिका-संसदबाट आ.व. २०७३/०७४ को विनियोजन विधेयक (बजेट) पारित भएको र उक्त विधेयकसँग सम्बन्धित आश्रित विधेयकहरु अर्थ सम्बन्धी विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र ऋण तथा जमानत विधेयक संसदबाट पारित हुन नसकेको अवस्था छ । यस सन्दर्भमा राजस्व तथा कर संकलन, विकास निर्माण र जनतालाई उपलब्ध गराइने सेवा सुविधामा गम्भिर असर पर्ने अवस्थालाई ध्यानमा राखेर सरकारले राजनीतिक सहमती निर्माण गरी विनियोजन विधेयकसँग सम्बन्धित उक्त आश्रित विधेयकहरुलाई चाँडो भन्दा चाँडो व्यवस्थापिका-संसदबाट पारित गर्नको लागि कार्य अगाडी बढाउन सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय भयो ।<br>● समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो । |
| ७६ | २०७३ /०५/ | व्यवस्थापिका संसद, अर्थ समितिको आजको बैठक समितिका सभापति मा. श्री प्रकाश ज्वालाको अध्यक्षतामा |

| | | |
|---|---|---|
| | २९ | बस्यो । बैठकमा देहाय बमोजिमका विषयहरुमा निर्णय भयो :<br>१. राज्यले सबै नेपालीका लागि अनिवार्य रुपमा स्वास्थ्य वीमा लागू गर्नु पर्दछ । नेपालको संविधानको धारा ३५ र ५१ (ज) अनुसार प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने हक कार्यान्वयन गर्न आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य वीमा सम्बन्धी विधेयक तत्काल व्यवस्थापिका संसदमा पेश गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई निर्देशन दिने ।<br>२. राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्ति तथा मुलुकलाई उल्लेख्य योगदान पुर्याउने व्यक्तिलाई औसधोपचार वापतको रकम उपलब्ध गराउदा नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संसोधन) कार्यविधि, २०७१ मा व्यवस्था गरिएको उल्लेखित रकममा नबढ्ने गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रस्ताव र अर्थ मन्त्रालयको सहमतिको आधारमा मन्त्रिपरिषद्को निर्णयबाट उपलब्ध गराउने व्यवस्था गर्न सरकारलाई निर्देशन दिने ।<br>३. नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संसोधन) कार्यविधि, २०७१ मा वहालवाला पदाधिकारीहरु राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधिश, सभामुख लगायतको औसधोपचार वापतको रकमको सीमा तोकी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट औसधोपचारको कारवाही सुरु गरी अर्थ मन्त्रालयको सहमतिको आधारमा मन्त्रीपरिषदबाट निर्णय गराई उपलब्ध गराउने व्यवस्था गर्न र वर्तमान वा पूर्व विशिष्ट व्यक्तिहरुको उपचार विशेष अवस्थामा बाहेक नेपालमै गराइने व्यवस्था गर्न उक्त कार्यविधि संसोधान गरी एक महिनाभित्र समितिमा उपलब्ध गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय र अन्य सम्बन्धित निकायलाई निर्देशन दिने ।<br>४. आफैले उपचार गर्न नसक्ने विशिष्ट व्यक्तिहरुलाई मात्र सरकारले उपचार खर्च उपलब्ध गराउने व्यवस्था कार्यविधिमा थप गर्ने, विशिष्ट व्यक्तिलाई स्वदेश मै उपचार गर्ने व्यवस्था गर्ने र मेडिकल वोर्डलाई नेपालमा उपचारै हुन नसक्ने रोगको लागि मात्र सिफारिश गर्न र व्यक्ति हेरेर कैफियत जनाई सिफारिस नगर्न तथा मेडिकल बोर्डको सिफारिशको जिम्मेवारी बोर्ड आफैंले लिनु पर्ने व्यहोरा सम्बन्धित निकायमा लेखी पठाउने ।<br>५. संसदमा पदाधिकारीहरु तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०५२ अनुसार व्यवस्थापिका संसदका सदस्यहरुको लागि औसधोपचार रकम व्यवस्थापिका- संसद सचिवालयबाट उपलब्ध हुने व्यवस्था भएको हुँदा मन्त्रिपरिषदको निर्णयबाट राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्ति वा व्यवस्थापिका-संसद सदस्यहरुलाई औसधोपचारको रकम उपलब्ध गराउदा दोहोरो नपर्ने गरी औसधोपचारको रकम उपलब्ध गराउने व्यवस्था गर्नुको साथै व्यवस्थापिका-संसद सदस्यहरुले सरकारी अस्पतालमा उपचार गराउने परिपाटी विकास गर्न सम्बन्धित सबैको ध्यानाकर्षण गराउने ।<br>६. नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संसोधन) कार्यविधि २०७१ को १२.७ को प्रावधान अनुसार औसधोपचार सम्बन्धी कुनैपनि प्रस्ताव मन्त्रिपरिषदमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट मात्र कार्यान्वयन गरी एकद्वार प्रणालिको नीति अनुसार कार्य अगाडी बढाउन सम्बन्धित निकायलाई लेखि पठाउने ।<br>७. नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संसोधन) कार्यविधि, २०७१ को १२.१० मा रहेको "माथि प्रकरणहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि विशेष कारण जनाई मन्त्रिपरिषदले उचित ठानेको उपचार खर्च रकम उपलब्ध गराउन सक्नेछ " भन्ने प्रावधान हटाई यस समितिका सुझावको आधारमा कार्यविधि संसोधन गरी व्यवस्थित, ठोस र समय सापेक्ष बनाउन सम्बन्धित निकायलाई निर्देशन दिने । |

| | | |
|---|---|---|
| | | ८. मृगौला रोगका सम्पूर्ण नेपाली बिरामीहरुको प्रारम्भिक स्वास्थ्य जाँच देखि डायग्लोसिससम्मको र मृगौला प्रत्यारोपण पूर्वको स्वास्थ्य चेक जाँचकको सम्पूर्ण उपचार खर्च नेपाल सरकारले निःशुल्क उपलब्ध गराउने व्यवस्था गर्न नेपाल सरकारलाई निर्देशन दिने ।<br>९. समितिका पूर्व निर्णय र निर्देशनहरु तत्काल कार्यान्वयन गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै ती निर्णयहरु पुनः सम्बन्धित निकायमा पठाउने निर्णय गरियो । |
| ७७ | २०७३/०५/३१ | १.बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२ (वाफिया) को दफा २ को (क भ्न), दफा ९ को उपदफा १, दफा ९ को उपदफा ४ (घ) तथा उपदफा ५ दफा ११ को उपदफा ४, दफा १५ को उपदफा १ र २, दफा १६ को उपदफा (१) दफा १८ को उपदफा (१) र दफा २८ को उपदफा २ का सम्बन्धमा बैंकर्स एसोसिएशनका प्रतिनिधीहरु उपेन्द्र पौडेल, शम्भु पौडेल, हरिश्चन्द्र सुबेदी, राजन सिंह भण्डारी, डेभलपमेन्ट बैंकर्स एसोसिएशन नेपालका प्रतिनिधी कृष्णराज लामिछाने, नेपाल वित्तीय संस्था संघका प्रतिनिधी सरोज काजी तुलाधर, लघु वित्त नेपालका प्रतिनिधी सुधिर प्रसाद लोहनी र नुमनाथ पौडेल र चेम्बर्स अफ कमर्सका प्रतिनिधी कमलेश कुमार अग्रवाल लगायतले आफ्ना सुझाव तथा धारणाहरु राख्नु भयो ।<br>२. समितिको अर्को बैठक मिति २०७३।०६।०२ गते बिहान ८:०० बस्ने गरी स्थगित भयो । |
| ७८ | २०७३/०६/०२ | १.बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२<br>(वाफिया) को दफा २ को (क भ्न), दफा ९ को उपदफा १, दफा ९ को उपदफा ४ (घ) तथा उपदफा ५ दफा ११ को उपदफा ४, दफा १५ को उपदफा १ र २, दफा १६ को उपदफा (१) दफा १८ को उपदफा (१) र दफा २८ को उपदफा २ का सम्बन्धमा पूर्व अर्थ मन्त्री मा. श्री बिष्णु प्रसाद पौडेल, नेपाल राष्ट्र बैंकका पूर्व गभर्नरहरु डा. युवराज खतिवडा, डा. तिलकबहादुर रावल, श्री दिपेन्द्र बहादुर क्षेत्री र श्री गणेशबहादुर थापाले आफ्ना सुझाव तथा धारणाहरु राख्नु भयो ।<br>२. समितिको अर्को बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो । |
| ७९ | २०७३/०७/०२ | १.बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२<br>(वाफिया) को दफा २ को (क भ्न), दफा ९ को उपदफा १, दफा ९ को उपदफा ४ (घ) तथा उपदफा ५ दफा ११ को उपदफा ४, दफा १५ को उपदफा १ र २, दफा १६ को उपदफा (१) दफा १८ को उपदफा (१) र दफा २८ को उपदफा २ का सम्बन्धमा माननीय उपप्रधान मन्त्री तथा अर्थ मन्त्री, समितिका माननीय सदस्यहरु, नेपाल राष्ट्र बैंकका गभर्नर र अर्थ मन्त्रालयका सचिवहरुले आ-आफ्ना धारणाहरु राख्नु भयो ।<br>२.समितिको अर्को बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो । |
| ८० | २०७३/०८/०२ | १.भारत सरकारको निर्णयानुसार मिति २०७३/०७/२४ (नोभेम्बर ९, २०१६) देखि भारतीय रुपैया पाँच सय र एक हजारका नोटहरुको चलन चल्तीमा प्रतिबन्ध गर्ने घोषणा |

| | | |
|---|---|---|
| | | गरे पश्चात् नेपालीहरुसँग रहेको बैध र कानुनी उक्त भारतीय रुपैया सटही गर्न नेपालीहरुलाई ठूलो समस्या परेकोछ । यस सम्बन्धमा भारत सरकारसँग तत्काल समन्वय र सहकार्य गरी नेपाली जनताहरुसँग रहेका त्यस्ता नोटहरुको सटहीको व्यवस्था मिलाउन छिटोभन्दा छिटो आधिकारिक प्रक्रिया अगाडी बढाउन, निश्चित समय निर्धारण गरेर आयश्रोत खुलाई रकम घोषणा गर्ने र बैकिङ्ग प्रणाली मार्फतसटही सुविधालाई सहज बनाउने व्यवस्था मिलाउन नेपाल सरकार अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकलाई निर्देशन दिने निर्णय गरियो ।<br>२.समितिको अर्को बैठक मिति २०७३/०८/०३ गते बस्ने गरी स्थगित भयो । |
| ८१ | २०७३/०८/०३ | १.बैठकमा सहकारी सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७३ का सम्बन्धमा सैद्धान्तिक छलफल भयो । बैठकमा सहकारी तथा गरिबी निवारण मन्त्रालयका मन्त्री तथा पदाधिकारीहरुबाट विधेयक प्रस्तुत गर्नुका कारण र औचित्यका सम्बन्धमा समितिलाई जानकारी गराउनुका साथै संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरुले संशोधन प्रस्तुत गर्नका कारण सम्बन्धमा स्पष्ट पार्नु भयो ।<br>२. समितिको अर्को बैठक मिति २०७३/०८/०६ गते बस्ने गरी स्थगित भयो । |
| ८२ | २०७३/०८/०५ | व्यवस्थापिका-संसद, अर्थ समिति र विकास समितिको संयुक्त आयोजनामा बसेको आजको संयुक्तबैठक अर्थ समितिका सभापति माननीय श्री प्रकाश ज्वालाज्यूको अध्यक्षतामा बस्यो । उक्त बैठकमा विकास समितिका सभापति माननीय श्री रबिन्द्र अधिकारीको समेत उपस्थिति रहेको थियो । आजको संयुक्त बैठकमा काठमाडौं-निजगढ द्रुतमार्गतथानिजगढ अन्तर्राष्ट्रिय विमानस्थलका सम्बन्धमामाननीयउपप्रधानतथा अर्थ मन्त्री, माननीयभौतिकपूर्वाधार तथायातायातमन्त्री,माननीय संस्कृति, पर्यटन तथानागरिक उड्डयन मन्त्री,राष्ट्रिय योजनाआयोगकाउपाध्यक्ष, सचिवहरुलगायत सम्बद्धपदाधिकारिहरुसँग छलफलभई देहायबमोजिमको निर्णय भयो :-<br>१. व्यवस्थापिका-संसद, विकास समिति तथा अर्थ समितिले राष्ट्रिय गौरवकाआयोजनाहरु/राष्ट्रिय प्राथमिकताप्राप्तआयोजनाहरुको द्रुतनिर्माणमा विशेष चासो राख्दै आएका छन् । देशलाई आर्थिक रुपमा समृद्ध तुल्याउन सक्ने बहुआयामिकमहत्व रहेका काठमाडौं- निजगढ द्रुतमार्ग तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको छिटोभन्दा छिटोनिर्माणगर्न विगत २ वर्षदेखि विकास समितितथा अर्थ समितिले बारम्बार घच्घच्याइरहेको अवस्थामा समेत उल्लेखितअवधिभित्र परिणाममुखीरुपमा /उपलब्धीमुलककामहुन सकेको देखिंदैन । यद्यपी आजको संयुक्तबैठकमा माननीयभौतिकपूर्वाधार तथायातायातमन्त्रीले काठमाडौं-निजगढ द्रुतमार्ग निर्माण सम्बन्धमा यस अघि IL&FS कम्पनीसँगभएकासम्झौता/कामकारवाहीहरु रद्द गर्ने एवं नेपाल सरकार आफैंले निर्माण गर्ने निर्णय मन्त्रालयले गरेको भनीदिनुभएको जनाकारीलाई समितिको यो बैठक स्वागततथा समर्थन गर्दै |

- उल्लेखित निर्णयलाई छिटो भन्दा छिटो मन्त्रिपरिषद्को बैठकबाट अनुमोदनगर्न गराउन,
- उल्लेखितदुई आयोजनाहरु निर्माणको लागिआवश्यक पर्ने वित्तव्यवस्थापनगर्न, गराउन,
- DPRछिटो भन्दा छिटो टुङ्ग्याउन,
- आयोजनाकार्यान्वयनको Model स्पष्ट गर्न,
- शीघ्र प्रशासनिक संयन्त्र खडा गरी कामगर्न, गराउन,

दुबै समितिको यो संयुक्तबैठक नेपाल सरकार, प्रधानमन्त्रीतथामन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय,भौतिकपूर्वाधार तथायातायातमन्त्रालय, संस्कृति, पर्यटन तथानागरिक उड्डयन मन्त्रालय, नागरिक उड्डयन प्राधिकरण, राष्ट्रिय योजनाआयोगलाई गम्भीरताका साथनिर्देश गर्दछ ।

२. काठमाडौँ-निजगढ द्रुतमार्ग तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थललगायतकाराष्ट्रिय महत्वका ठूला आयोजनाहरुनिर्माण गर्दा वातावरणीय प्रभावमूल्यांकनमाहुने ढिलाई,आयोजनानिर्माणस्थलमा स्थानीयबासीहरुबाट हुन सक्नेअवरोध,जग्गाप्राप्तीतथामुआब्जा,निर्माण सामाग्रीहरुको अभाव, निर्माण व्यवसायीहरुबाट समयमानै कार्य सम्पन्ननहुनेजस्ता समस्याहरु प्रतिपहिले नै सचेत रही सबै निकायहरुसँग उक्तविषयहरुका सम्बन्धमाआवश्यक समन्वय गरी,समग्रकार्ययोजनाबनाई राष्ट्रिय हितलाई केन्द्रविन्दुमा राखीउल्लेखितआयोजनाहरुको कार्य सम्पादनगर्न, गराउन संयुक्तसमितिको यो बैठक नेपाल सरकार लगायत सम्बद्ध निकायहरुलाई निर्देश गर्दछ ।

३. उल्लेखितआयोजनाहरु (काठमाडौँ-निजगढ द्रुतमार्ग तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलआयोजना) देश विकासकालागि महत्वपूर्ण आयोजनाहरुका रुपमा रहेका छन् । निजगढ अन्तर्राष्ट्रिय विमानस्थलनिर्माणको सम्बन्धमाहालसम्मDPRसम्मबन्ननसकेको, LMW सँगको कामकारवाहीमाअस्पष्टताएवं अपारदर्शीतापनि देखिएकोले

    - उक्त सम्झौता यथाशीघ्र पुनरावलोकनगर्न गराउन,
    - आयोजनानिर्माणको Model स्पष्ट गर्न,
    - निर्माणको क्रममाआउन सक्ने समास्यातथाचुनौतिहरुलाई निर्माण पूर्व नै पूरा तयारी गरी कार्यसम्पादनलाई तीव्रतादिने गरी कार्यक्रमको ढाँचा तयार गर्न, गराउन,
    - आवश्यक साधनस्रोत तथावित्तियप्रवन्ध समयमा नै गर्न गराउन समेत,

संयुक्त समितिको यो बैठक नेपाल सरकार, प्रधानमन्त्रीतथामन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, संस्कृति, पर्यटन तथानागरिक उड्डयन मन्त्रालयतथा राष्ट्रिय योजनाआयोगलाई निर्देश गर्दछ ।

| | | |
|---|---|---|
| | | ४. दुरगामीमहत्वराख्ने राष्ट्रिय गौरवकाआयोजना/परियोजनाहरुनिर्माण गर्ने सम्बन्धमा राष्ट्रिय योजनाआयोगको भूमिकालाई (वित्तीय, प्राविधिक,संयन्त्रगत, व्यवस्थापकीयएवं समन्वयलगायतका क्षेत्रमा) अझ बढी प्रभावकारी बनाउन,परिणामआउने गरीकार्य गर्न, गराउनसंयुक्त समितिको यो बैठक राष्ट्रिय योजनाआयोगलाई निर्देश गर्दछ । |
| ८३ | २०७३/०८/०६ | १.बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२ (वाफिया) को दफा २ को (क भ), दफा ९ को उपदफा १, दफा ९ को उपदफा ४ (घ) तथा उपदफा ५ दफा ११ को उपदफा ४, दफा १५ को उपदफा १ र २, दफा १६ को उपदफा (१) दफा १८ को उपदफा (१) र दफा २८ को उपदफा २ का सम्बन्धमा माननीय उपप्रधान मन्त्री तथा अर्थ मन्त्री, समितिका माननीय सदस्यहरु, नेपाल राष्ट्र बैंकका गभर्नर र अर्थ मन्त्रालयका प्रतिनिधीहरु वीच उक्त दफाहरुमा विस्तृत छलफल भयो । छलफलमा भएका सहमतीका आधारमा समिति सचिवालयलाई प्रतिवेदन तयार गर्न निर्देशन दिने निर्णय भयो ।<br>२. समितिको अर्को बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो । |
| ८४ | २०७३/०८/०९ | १. समितिको यो बैठक हालको गरिबी निवारण कोषको सम्पर्क मन्त्रालयको रुपमा सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई तोक्न नेपाल सरकार प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देश गर्दछ ।<br>२. गरिबी निवारण नेपालको एक प्रमुख मुद्दा हो । गरिबी न्यूनिकरण गरी गरिब जनतालाई आर्थिक रुपमा आत्मनिर्भर र सक्षम बनाउनु राष्ट्रको दायित्व हो । त्यसैले गरिबी निवारण कोषअर्न्तगत हाल संचालित गरिबी निवारण सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिन तथा यस कोषअर्न्तगत संचालित कार्यक्रमहरु सबै जिल्लामा संचालन गर्न यो समिति सरकारको ध्यानाकर्षण गर्दछ ।<br>३. गरिबी निवारण कार्यक्रम स्थानीय तहमा स्थानीय निकाय तथा सहकारी संस्थाहरु मार्फत संचालन गरिने मोडालिटी तय गर्न र त्यस्ता कार्यक्रमहरु एकद्वार प्रणालीबाट संचालन गर्न सम्बन्धित निकायलाई निर्देश गर्दछ ।<br>४. गरिबी निवारणको काम राज्यको प्रमुख दायित्व भएकोले गरिबी निवारणका लागि प्रर्याप्त बजेट विनियोजन गर्नुका साथै विभिन्न दातृ निकायहरुको सहयोग जुटाउने कुरामा पनि समिति सरकारको ध्यानाकर्षण गराउँदछ ।<br>५. यस समितिमा प्राप्त संशोधन सहितको सहकारी सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७३ माथि दफावार छलफल गरी समितिमा छिटोभन्दा छिटो प्रतिवेदन पेश गर्न देहाय बमोजिमका माननीय सदस्यहरु रहनु भएको एक उपसमिति गठन गरियो । समितिले आफ्नो कार्यविधि आफै बनाउने ।<br>नाम, थर<br>मा. श्री उदय शम्शेर जबरा<br>मा. श्री कमला पन्त<br>मा. श्री केदार प्रसाद संजेल<br>मा. डा. गोपाल दहित<br>मा. श्री जगदिश्वर नरसिंह के.सी.<br>मा. श्री भरत मोहन अधिकारी |

| | | |
|---|---|---|
| | | मा. श्री मदन कुमारी शाह (गरिमा)<br>मा. डा. सुबोध कुमार पोखरेल<br>मा. श्री हरिलाल ज्ञवाली<br>६. समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो । |
| ८५ | २०७३/०९/१० | १.लगानी बोर्डको बैठक लामो समयदेखि बस्न नसकेकोले यथाशीघ्र बैठक बसी बोर्डको कार्यहरु अगाडी बढाउन सम्बन्धित निकायलाई निर्देशन दिने ।<br>२.माथिल्लो कर्णाली आयोजनामा देखिएका वनको जग्गा हस्तान्तरण, दर्ता नभएका जग्गाहरुको दर्तामा देखिएको समस्या, आयोजनाले प्रभाव पार्ने सिँचाई आयोजनाहरु, मूल्याङ्कन भएका जग्गाहरुको रकम निकासा र भुक्तानी लगायतका समस्याहरु तत्काल समाधान गर्न तथा सम्बन्धित पक्षसँग पहल गरी छिटोभन्दा छिटो वित्तीय व्यस्थापन गरी आयोजना शुरु गर्ने गरी कार्य अगाडी बढाउन सम्बन्धित निकायलाई निर्देशन दिने ।<br>३.संखुवासभा जिल्लामा रहेको अरुण ३-आयोजनामा देखिएको वनको जग्गा हस्तान्तरण लगायत अन्य समस्याहरुको तत्काल समाधान गरी यसै वर्षदेखि आयोजनाको निर्माण कार्य शुरु हुने गरी वित्तीय व्यवस्थापन मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने ।<br>४.नेपाल सरकार, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, सहकारी संघ संस्था तथा नेपाली जनताहरुको लगानीबाट आयोजनाहरु सम्पन्न गर्नका लागि सम्भाव्यता अध्ययन गरी त्यस्ता आयोजनाहरु कार्यान्वयन अगाडि बढाउने गरी पहल गर्न सम्बन्धित निकायलाई निर्देशन दिने ।<br>५.लगानी बोर्डबाट अगाडी सारिएका आयोजनाहरुमा वित्तीय व्यवस्था, जमीन व्यवस्थापन, वन, वातावरण, सुरक्षा आदिमा आइपर्ने समस्या समाधानको लागि विद्यमान संयन्त्रहरुलाई क्रियाशिल गर्न गराउन सम्बन्धित निकायलाई निर्देशन दिने । |
| ८६ | २०७३/०९/२६ | |
| ८७ | २०७३/०९/२७ | १. त्रिभुवन अन्तरार्ष्ट्रिय विमान स्थलमा हुने राजस्व चुहावट र सुन तस्करीको छानविन तथा जाँचबुझ गर्न अधिकार सम्पन्न छानविन समिति गठन गरी त्यसमा देखिएका समस्याहरु पहिचान गरी दीर्घकालीन रुपमा समस्या समाधान गर्ने संयन्त्र समेत निर्माण गर्न सम्बन्धित निकायलाई निर्देशन दिने ।<br>२. ३३ केजी अवैध सुन तस्करीमा संलग्न गिरोह एवं व्यक्तिहरुको बारेमा तत्काल छानविन गरी त्यस्ता व्यक्तिहरुलाई संगठित अपराध अन्तर्गत कडाभन्दा कडा कारवाही गर्न तथा सो कार्यमा संलग्न र सहयोग पुर्‍याउने कर्मचारीहरुलाई प्रचलित ऐन कानून अनुसार विभागिय र अन्य आवश्यक |

<table>
<tr><td></td><td></td><td>कारवाही गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने ।<br>३. त्रिभुवन अन्तरार्ष्ट्रिय विमानस्थलबाट प्रस्थान गर्ने यात्रुहरुको मात्र प्रहरी चेक जाँच हुने र आगमनमा प्रहरीद्वारा कुनैपनि चेकजाँच नहुने भएकोले त्रिभुवन अन्तरार्ष्ट्रिय विमानस्थलमा पर्याप्त र भरपर्दो चकेजाँचको व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने ।<br>४.त्रिभुवन अन्तरार्ष्ट्रिय विमानस्थलमा हुने राजश्व चुहावट र चोरी निकासी नियन्त्रणका लागि क्षमता अभिबृद्धि गर्न, विमानस्थलमा रहने सरकारी निकायहरु वीच प्रभावकारी समन्वयको व्यवस्था गर्न, सबै निकायको भूमिका स्पष्ट गर्न र आधुनिक चेकजाँच मेशिन सहित विमानस्थलको सुरक्षा प्रणालीलाई सशक्त बनाउदै विमानस्थलको आधुनिकीकरणको काम तीब्र रुपमा अघि बढाउन सरकारलाई निर्देशन दिने ।<br>५. त्रिभुवन अन्तरार्ष्ट्रिय विमानस्थलमा आवश्यक प्राविधिक जनशक्ति उत्पादन र आपूर्तिको व्यवस्था तत्काल गर्न सम्बन्धित निकायलाई निर्देशन दिने ।</td></tr>
<tr><td>८८</td><td>२०७३/११/१७</td><td>१. बैठकमा बैंकिङ्ग तरलताका सम्बन्धमा नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थ मन्त्रालयका सचिव लगायत प्रतिनिधीहरुले हालको अवस्थाका बारेमा जानकारी गराउनु भयो ।<br>२. बैठकले समितिमा बैंकिङ्ग तथा वित्तीय संस्थामा रहेका समस्याहरुको अध्ययन गरी त्यसको समाधानका लागि तत्कालीन र दीर्घकालीन सुझावहरु सहित प्रतिवेदन समिति समक्ष पेश गर्न देहाय बमोजिमका माननीय सदस्यहरु रहनु भएको “बैंकिङ्ग तथा वित्तीय संस्था सम्बन्धी” उपसमिति गठन गऱ्यो ।
<table>
<tr><th>सिं नं.</th><th>नाम थर</th></tr>
<tr><td>१</td><td>मा. श्री ओमदेवी मल्ल</td></tr>
<tr><td>२</td><td>मा. डा. गोपाल दहित</td></tr>
<tr><td>३</td><td>मा. श्री चन्द्र प्रकाश मैनाली</td></tr>
<tr><td>४</td><td>मा. श्री दिपक कुइकेल</td></tr>
<tr><td>५</td><td>मा. श्री रेवती रमण भण्डारी</td></tr>
<tr><td>६</td><td>मा. श्री ल्हारक्याल लामा</td></tr>
<tr><td>७</td><td>मा. श्री विमल कुमार केडिया</td></tr>
</table>
उपसमितिले आफ्नो कार्यविधि आफै तय गर्नेछ । साथै उपसमितिको कार्यावधि २१ दिनको हुनेछ ।<br>३. समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।</td></tr>
<tr><td>८९</td><td>२०७३/११/२६</td><td>१. हालसम्मका स्वीकृत र नयाँ योजनामा वितरण गरिएको वजेट र वजेटको सुनिश्चितता गरिएका योजना र वजेटको सम्पूर्ण विवरण सात दिन भित्र समितिमा उपलब्ध गराउन सम्बन्धित मन्त्रालयलाई पत्राचार गर्ने ।</td></tr>
</table>

| | | |
|---|---|---|
| | | २. समितिको अर्को बैठक अर्को सूचना भएसम्मको लागि स्थगित भयो । |
| ९० | २०७४/०१/११ | १.समितिमा प्राप्त "संघीय आकस्मिक कोषको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३" का सम्बन्धमा विस्तृत छलफल गरी देहाय बमोजिम संशोधन गर्ने र सोही व्यहोराको प्रतिवेदन तयार पारी व्यवस्थापिका-संसदको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।<br>१.**मूल विधेयकको दफा १ मा संशोधन** : मूल विधेयकको दफा १ को उपदफा (१) मा रहेको **"संघीय आकस्मिक कोष ऐन, २०७३**" भन्ने शब्दहरुको सट्टा **"संघीय आकस्मिक कोष ऐन, २०७४**" भन्ने शब्दहरु राख्ने ।<br>२. **मूल विधेयकको दफा २ मा संशोधन** : मूल विधेययकको दफा २ को खण्ड (क) मा रहेको "लगायत अन्य" भन्ने शब्दहरुको सट्टा "लगायतका" भन्ने शब्द राख्ने ।<br>२. मिति २०७३।११।१७ गते गठित "बैंकिङ्ग तथा वित्तीय संस्था सम्बन्धी उपसमिति"को म्याद सकिएको भनी म्याद थपका लागि उपसमितिका संयोजकले अनुरोध गर्नु भएकोले उक्त उपसमितिको म्याद, म्याद सकिएको मितिदेखि २ महिना थप गर्ने निर्णय गरियो ।<br>३. "बैंकिङ्ग तथा वित्तीय संस्था सम्बन्धी उपसमिति"मा रहनु भएका माननीय सदस्य श्री रेवतीरमण भण्डारीको सट्टा समितिका माननीय सदस्य श्री केशवप्रसाद बडाललाई उक्त उपसमितिमा सदस्यको रुपमा मनोनयन गर्ने निर्णय गरियो ।<br>४.समितिको अर्को बैठक मिति २०७४।०१।१२ गते बस्ने गरी स्थगित भयो । |
| ९१ | २०७४/०१/१२ | १. समितिमा प्राप्त बोनस ऐन, २०३० लाई संशोधन गर्न बनेको विधेयक २०७३ को सम्बन्धमा विस्तृत छलफल भयो ।<br>२. समितिको अर्को बैठक मिति २०७४।०१।१५ गते बस्ने गरी स्थगित भयो । |
| ९२ | २०७४/०१/१५ | १. समितिमा प्राप्त बोनस ऐन, २०३० लाई संशोधन गर्न बनेको विधेयक २०७३ को सम्बन्धमा विस्तृत छलफल गरी तयार पारिएको विधेयक प्रतिवेदन व्यवस्थापिका-संसदको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।<br>२. समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो । |
| ९३ | २०७४/०२/११ | १. समितिका माननीय सदस्यहरुबाट समितिको बैठकमा आगामी बजेटका सम्बन्धमा प्रस्तुत गर्नु भएका विषयवस्तु र सुझावहरुलाई समिति सचिवालयले व्यवस्थित गर्ने र ती विषयवस्तु र सुझावहरुलाई आगामी आर्थिक वर्षको बजेटमा समावेश गरी कार्यान्वयन गर्नको लागि नेपाल सरकार अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई लेखी पठाउने निर्णय भयो ।<br>२. समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो । |
| ९४ | २०७४/०२/२३ | १. बैठकमा सहकारी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७३ सम्बन्धी उपसमितिले सो विधेयक सम्बन्धमा तयार पारेको प्रतिवेदन उपसमितिका संयोजक माननीय श्री भरतमोहन अधिकारीले समिति समक्ष पेश गर्नु भयो । साथै उक्त प्रतिवेदन अध्ययनका लागि समितिका माननीय सदस्यहरुलाई बितरण गरियो,<br>२. समितिको अर्को बैठक २०७४।०२।२४ गते बस्ने गरी स्थगित भयो । |

| | | |
|---|---|---|
| ९५ | २०७४/०२/२४ | १. सहकारी सम्बन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७३ माथि दफावार छलफल गरी उपसमितिले तयार पारेको प्रतिवेदनमाथि विस्तृत छलफल गरियो,<br>२. समितिको अर्को बैठक २०७४।०२।२७ गते बस्नेगरी स्थगित भयो । |
| ९६ | २०७४/०२/२७ | १. सहकारी सम्बन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७३ सम्बन्धी उपसमितिले पेश गरेको प्रतिवेदन संशोधन सहित पारित गरियो । सोही अनुसारको प्रतिवेदन तयार पारी व्यवस्थापिका-संसदको बैठकमा पेश गर्ने निर्णय गरियो । |
| ९७ | २०७४/०३/०१ | १. कर फछ्र्यौट आयोग ऐन, २०३३ लाई समयानुकूल बनाउन तत्काल संशोधन प्रक्रिया अघि बढाउन अर्थ मन्त्रालयलाई निर्देशन दिने,<br>२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट कर छुट र कर असूलीमा भएको अनियमतता सम्बन्धमा भइरहेको अनुसन्धानबाट देखिएका दोषी व्यक्तिहरु तथा संघ संस्थाहरुलाई कडाभन्दा कडा कारवाही गर्न र राजस्व छली भएको रकम तत्काल असूल उपर गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,<br>३. नेपालको कर क्षमताको अध्ययन गरी कर क्षमता पत्ता लगाउन, कर प्रणालीमा रहेको कर निर्धारण, कर असूली, कर फछ्र्यौटलाई समयानुकूल सुधार गर्न यथाशीघ्र कार्य अगाडी बढाउन सम्बन्धित निकायलाई निर्देशन दिने,<br>४. आन्तरिक राजस्व विभागबाट दिने गरिएको राजस्व मिनाहाको कामलाई स्थगित गरी राजस्व उठाउन बाँकी रहेको रकम तत्काल असूल उपर गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,<br>५. राजस्व बक्यौता मिनाहा वा कर फछ्र्यौट सम्बन्धी स्पष्ट मापदण्ड र निर्देशिका तयार गरी अर्थ समितिमा पठाउन सम्बन्धित निकायलाई निर्देशन दिने,<br>६. कुनै व्यक्ति संघ संस्था वा व्यवसायीबाट कर चुहावट हुन नसक्ने गरी आधुनिक र वैज्ञानिक संयन्त्र निर्माण गरी कर असूली गर्ने र कर असूलीलाई व्यवस्थित र नियमित गर्न नियमित अनुगमन र मूल्याङ्कनको भरपर्दो संयन्त्र बनाई काम अगाडि बढाउने,<br>७. लामो समयसम्म एउटै निकायमा बसी रहने कर्मचारीहरुलाई निजामती सेवा ऐन नियममा व्यवस्था भए अनुसार सेवा अवधि पूरा भएका सम्पूर्ण कर्मचारीहरुको आन्तरिक सरुवा गर्ने र लामो समयसम्म ऐन कानून र मापदण्ड विपरित काजमा राख्ने प्रचलनलाई व्यवस्थित गर्ने,<br>८. आन्तरिक राजस्व विभाग र अन्तरगत कार्यालयमा कार्यरत कर्मचारीहरुको आचार संहिता २०६५ बमोजिम आचार संहिता पालना गराउन वा प्रचलित कानूनको बर्खिलाप हुन नदिन अर्थ सचिवबाट मासिक अनुगमन गरी अर्थ मन्त्रालयमा प्रतिवेदन दिने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने । |
| ९८ | २०७४/०३/२९ | १. वैदेशिक रोजगारीमा औपचारिक रुपमा विभिन्न देशहरुमा गएका करीब ४० लाख जनशक्तिले श्रम गरी आर्जन गरेको रकमलाई बैंकिङ्ग प्रणालीबाट स्वदेशमा ल्याउन अर्थ मन्त्रालयले श्रम मन्त्रालय र नेपाल राष्ट्र बैंक लगायत अन्य सरोकारवाला निकायहरुसँग समन्वय कायम गरी स्पष्ट नीति र मापदण्ड तयार गरी लागू गर्न निर्देशन दिने,<br>२. वैदेशिक रोजगारीमा गएका कामदारहरुलाई स्वदेशमा बाणिज्य बैंकहरुमा अनिवार्य रुपमा विप्रेषण खाता र परिवारको नाममा खाता खोल्न लगाई उनीहरुबाट आर्जित रकम सम्बन्धित मुलुकको बैंकहरु मार्फत जम्मा हुने व्यवस्था गर्ने र जम्मा भएको रकम सहज, सरल र सुरक्षित तरिकाले प्राप्त गर्ने व्यवस्था मिलाउनका |

| | | |
|---|---|---|
| | | लागि आवश्यक नीति तयार गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,<br>३. वैदेशिक रोजगारीका लागि विदेश जाने कामदारहरुसँग श्रम सम्झौता गर्दा बैंकिङ्ग प्रणालीबाट अनिवार्य रुपमा रकम पठाउने सम्झौता गर्ने र त्यसरी बैंकिङ्ग प्रणालीबाट प्राप्त हुने निश्चित रकम सम्बन्धित व्यक्तिको इच्छानुसार निश्चित रकमलाई निश्चित ब्याजदर दिने गरी मासिक रुपमा "विप्रेषण कोष" मा जम्मा गर्ने गरी "विप्रेषण कोष"स्थापना गर्ने र सरकारले सो रकम निजको इच्छानुसारको क्षेत्रमा लगानीको अवसर दिने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने,<br>४. बैंकिङ्ग प्रणाली मार्फत रकम पठाउनको लागि जनचेतना र प्रचार प्रसार जस्ता कार्यक्रम संचालन गर्नुका साथै बैंकिङ्ग प्रणालीबाट रकम भित्रयाउदा हुने असुविधा र झन्झटलाई सरलीकरण गरी सेवा शुल्क, विनिमय दर र बैंकहरुले लिने कमिशनमा पुनरावलोकन गरी आवश्यक छुट दिने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने,<br>५. रोजगारीमा गएका व्यक्ति विदा वा अन्य समयमा नेपाल आएर पुनः विदेश जाँदा विमानस्थल वा भन्सार नाकाहरुमा बैंकिङ्ग प्रणालीबाट विप्रेषणको रकम नेपाल पठाएको प्रमाण पेश गरे पछि मात्र वैदेशिक रोजगारीमा जाने अनुमती दिने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने,<br>६. नेपालबाट वैदेशिक रोजगारीमा जाने र फर्कने कामदारहरुको पूर्ण विवरण राख्ने र त्यसलाई अद्यावधिक गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,<br>७. हाल दक्षिण कोरिया जाने कामदारहरुलाई सिप विकास केन्द्र, भैसेपाटीबाट दिइने अभिमुखीकरण तालिममा नेपालको बैंकिङ्ग तथा रेमिटेन्स प्रणाली र कोरियाको बैंकिङ्ग तथा रेमिटेन्स प्रणाली तथा सुरक्षा सम्बन्धी अलग अलग कक्षा राखी विस्तृत रुपमा प्रशिक्षण गराउने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने ।<br>८. औपचारिक बैंकिङ्ग प्रणालीबाट विप्रेषण भित्रयाउन सम्बन्धित देशमा रहेका नेपाली श्रम सहचारी तथा राजदुतावासको पनि सहयोग लिने व्यवस्था मिलाउने गरी आवश्यक नीति तयार गर्ने,<br>९. विदेशबाट हुण्डी मार्फत गैह्र कानूनी रुपमा रकम पठाउने कार्य कानून विपरित भएको र यसरी कुनै व्यक्तिले हुण्डी मार्फत रकम पठाएको प्रमाणित भएमा रकम पठाउने व्यक्ति र हुण्डीको कारोबार गर्ने व्यक्ति दुवैलाई कानूनी कारवाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,<br>१०. विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ लाई समय सापेक्ष संशोधन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने । |
| ९९ | २०७४/०४/०२ | १. कर फछ्र्यौट आयोग ऐन, २०३३ तत्काल खारेज गर्ने तथा उक्त ऐन खारेजीको प्रक्रिया अघि बढाउन र सो को जानकारी अर्थ समितिलाई दिन नेपाल सरकारलाई निर्देशन दिने,<br>२. अर्थ समितिको मिति २०७४ आषाढ १ गतेको बैठकको निर्णय नं. २ देखि ८ सम्मका निर्देशन कडाईका साथ कार्यान्वयन गर्न अर्थ मन्त्रालयलाई पुन : ध्यानाकर्षण गराउने,<br>३. विगतमा भएको राजस्व छली र कर असूलीमा भएका अनियमितता र भविष्यमा राजस्व छली र कर असूली नियन्त्रण गर्न तथा राजस्व बृद्धि र राजस्व प्रशासन एवं राजस्व संकलन प्रणालीका सुधारका लागि अध्ययन गरी २ महिना भित्र सुझाव दिन निम्न माननीय सदस्यहरु रहनु भएको राजस्व छली र कर असूली अनियमितता अध्ययन सुझाव उपसमिति गठन गर्ने निर्णय भयो । उपसमितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।<br>१. मा. श्री गौरा प्रसाई<br>२. मा. श्री जगदिश्वरनरसिंह के.सी.<br>३. मा. श्री दिपकप्रसाद कुईकेल<br>४. मा. श्री रत्न शेरचन |

| | | |
|---|---|---|
| | | ५. मा. श्री ल्हारक्याल लामा<br>६. मा. श्री शक्ति बस्नेत<br>७. मा. श्री शेरबहादुर तामाङ<br>८. मा. श्री सुरेन्द्र पाण्डे<br>९. मा. श्री श्रीकान्ती पासी<br>४. बैंक तथा वित्तीय संस्था सम्बन्धी उपसमितिको म्याद सकिएको मितिबाट ५ महिनाको लागि थप गर्ने निर्णय गरियो । साथै उपसमितिलाई तदारुकताका साथ कार्य सम्पन्न गर्न समितिको तर्फबाट निर्देशन दिइयो,<br>५. बैंक तथा वित्तीय संस्था सम्बन्धी उपसमितिमा रहनु भएका सदस्य माननीय श्री ल्हारक्याल लामालाई विदा गरी सो स्थानमा माननीय श्री श्रीप्रसाद जवेगुलाई राख्ने निर्णय गरियो । |
| १०० | २०७४/०४/०३ | १. कृषि विकास बैंकबाट ठूलो परिमाणको कर्जा प्रवाह गर्दा धितो मूल्याङ्कन लगायतका पक्षहरुमा अपनाइने प्रक्रिया तथा सो बैंकको नाममा झापा जिल्लाको धुलावारीमा रहेको जग्गा बिक्री कार्य सम्बन्धी सम्पूर्ण विवरण तीन दिनभित्र समितिलाई उपलब्ध गराउन निर्देशन दिने,<br>२. वीमा व्यवसाय संचालनका लागि अनुमतीपत्र प्रदान गर्दा अपनाइने गरिएको प्रक्रिया, हाल नेपालमा संचालनमा रहेका वीमा कम्पनीहरुको विवरण र हालै नयाँ अनुमती दिइएका वीमा कम्पनीहरुको विवरण समेत समितिलाई यथासिघ्र उपलब्ध गराउन सम्बन्धित निकायलाई लेखी पठाउने,<br>३. नेपाल आयल निगमले सातै प्रदेशमा पेट्रोलियम पदार्थको भण्डारण केन्द्रहरु निर्माण गर्नका लागि जग्गा खरीद प्रक्रिया सम्बन्धमा अध्ययन गरी १५ दिन भित्र समितिलाई सुझाव सहितको प्रतिवेदन पेश गर्नआफ्नो कार्यविधि आफै तय गर्ने गरी देहाय बमोजिमका माननीय सदस्यहरु रहनु भएको "नेपाल आयल निगमको जग्गा खरिद सम्बन्धी अध्ययन उपसमिति" गठन गर्ने निर्णय भयो ।<br>१. मा. श्री अब्दुल रज्जाक गद्दी<br>२. मा. श्री इच्छाराज तामाङ<br>३. मा. श्री नरदेवी पुन<br>४. मा. श्री रमेशप्रसाद कुर्मी<br>५. मा. श्री सरस्वती बजिमय<br>६. मा. श्री सिर्जना तरामु खत्री |
| १०१ | २०७४/०४/०६ | १. दुरसंचार र इन्टरनेट सेवालाई सरल सहज र गुणस्तरीय बनाउन र दुरसंचार सेवा नपुगेका देशका पन्ध्र वटा गाउँपालिकाहरुमा तत्काल सेवा विस्तार गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,<br>२. दुरसंचार सेवा प्रदायक कम्पनीहरुको यथोचित व्यवस्थापन र दुरसंचारको सेवालाई प्रभावकारी र गुणस्तरयुक्त बनाउन दुरसंचार नीतिको आधारमा दुरसंचार ऐन, नियमावली तत्काल संशोधन गर्न सूचना तथा संचार मन्त्रालयलाई निर्देशन दिने,<br>३. दुरसंचार सेवा प्रदायक कम्पनीहरु एनसेल प्रा.ली., यूनाइटेड टेलिकम ली. सि.जी.कम्यूनिकेशन प्रा.ली., नेपाल स्याटेलाइट टेलिकम प्रा.ली. र स्मार्ट टेलिकम प्रा.ली.ले आ.व. २०७३/७४ सम्म बुझाउनु पर्ने कर राजस्व र गैन्ह कर राजस्व तत्काल असूल उपर गर्न र राजस्व एवं कर असूल उपर गर्ने आधुनिक वैज्ञानिक उपायहरु अवलम्बन गर्न सरकारलाई निर्देशन दिने,<br>४. नेपाल दुरसंचार सेवा प्रदान गर्ने निकायले वार्षिक रुपमा बुझाउनु पर्ने रोयल्टी रकम हालसम्म |

| | | |
|---|---|---|
| | | नेपाल दुरसंचार प्राधिकरणको कोषको जम्म भइरहेकोमा उक्त रकम नेपालको संविधान बमोजिम संघीय संचित कोषमा जम्मा गर्ने व्यवस्था मिलाउन अर्थ मन्त्रालय र सूचना तथा संचार मन्त्रालयलाई निर्देशन दिने,<br>५. नेपाल टेलिकमले उपलब्ध गराएको एडिएसएल इन्टरनेट सेवालाई सबै क्षेत्रमा सर्वसुलभ उपलब्ध हुने व्यवस्था मिलाई नेपाली नागरिकहरुसँग पहुँच पुऱ्याउन सस्तो र गुणस्तरयुक्त सेवा उपलब्ध गराउन तथा नेपाल टेलिकमले सरकारी विद्यालयहरुमा निःशुल्क एडिएसल इन्टरनेट सेवा उपलब्ध गराउन नेपाल सरकारसंग बजेट माग गरी कार्य प्रारम्भ गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,<br>६. दुरसंचार सेवा प्रदायक कम्पनीहरुले आ.व. २०७३/२०७४ को अन्त्यसम्म सरकारलाई बुझाएको कर र गैरकर राजस्वको विवरण अर्थ समितिमा उपलब्ध गराउन नेपाल दुरसंचार प्राधिकरण र सम्बन्धित निकायलाई लेखी पठाउने,<br>७. तोकिएको समयभित्र दुरसंचार सेवा प्रदायक कम्पनीबाट बुझाउनु पर्ने रोयल्टी नबुझाएमा जरिवाना सहित रोयल्टी रकम असूल उपर गर्ने प्रयोजनको लागि नीति निर्माण गर्न सूचना तथा संचार मन्त्रालयलाई निर्देशन दिने,<br>८. नेपाल टेलीकमलाई अन्य दुरसंचार सेवा प्रदायक कम्पनीहरुले तिर्नुपर्ने अन्तर आवद्धता रकम तत्काल असूल गर्ने व्यवस्था गर्न सम्बन्धित निकायलाई निर्देशन दिने ।<br>९. नेपाल टेलीकमले केही शहरहरुमा 4G सेवा उपलब्ध गराइसकेको सर्न्दभमा देशका अन्य भागहरुमा समेत 4G सेवा उपलब्ध गराउन सम्बन्धित निकायलाई निर्देशन दिने । |
| १०२ | २०७४/०४/१० | १. विकास बजेट खर्च अर्थात् पूँजीगत खर्च बढाउन निम्नानुसारका कार्यहरु गर्ने :<br>● पूँजीगत खर्च कम हुनाको कारणहरुको पहिचान गरी त्यसमा तत्काल सुधार गर्ने,<br>● सम्बन्धित मन्त्रालयले कार्यक्रम स्विकृतीको समयमा निर्धारण गरेका चौमासिक र वार्षिक लक्ष्यहरु पूरा नगरेको अवस्थामा जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउने, उचित दण्ड-पुरस्कार प्रणाली अवलम्वन गर्ने तथा अर्थ मन्त्रालयले भुक्तानी रोक्ने जस्ता नियन्त्रणका उपायहरु अपनाउन नीतिगत व्यवस्था गर्ने,<br>● निर्माण व्यवसायीहरुले आयोजनाहरुको समयमा काम नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न दोस्रो चौमासिक अवधिमा अनिवार्य रुपमा अनुगमन र मूल्याङ्कन गरी काम समयमा नगर्ने व्यवसायीहरुलाई दण्ड जरिवाना गरी ठेक्का रद्द गर्ने सम्मका कारवाही गर्ने,<br>● ठेक्काको करार सम्झौता गर्दा कामदारहरुको कामको समय, पारिश्रमिक समेतको विषय सम्झौतामा अनिवार्य रुपमा पेश गर्ने व्यवस्था गर्न र सम्झौता अनुसार गुणस्तरीय काम भए नभएको अनुगमन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,<br>२. बहुबर्षिय आयोजनाहरुमा बजेट विनियोजन र खर्च गर्ने प्रबृत्तिको अध्ययन गरी पूँजीगत खर्च बढाउनका लागि उपयुक्त उपायहरु अवलम्बन गर्न सम्बन्धित निकायहरुलाई निर्देशन दिने साथै विस्तृत सम्भाव्यता अध्ययन, निर्माण/मोडालिटी, ड्रोइङ डिजाइन र इस्टिमेट सहित पूर्व तयारी भइसके पछिमात्र वार्षिक कार्यतालिका आधारमा बहुवर्षिय आयोजनाहरुमा निश्चित बजेट विनियोजिन गर्ने व्यवस्था मिलाउने,<br>३. आर्थिक वर्षको अन्तिम महिनामा हतार हतारमा काम गर्ने, गुणस्तरको काम नहुने, असार अन्तिममा काटिएका चेक भुक्तानी नहुने र बजेटको दुरुपयोग हुने प्रवृत्तिलाई अन्त्य गर्न कार्यतालिका अनुसार कडाईका साथ काम गर्ने गराउने, नियमित अनुगमन प्रणाली व्यवस्थित गर्ने साथै काटिएका चेकहरु तत्काल सटही गर्न सम्बन्धित कार्यालयलाई निर्देशन दिन अर्थ मन्त्रालयको ध्यानाकर्षण गर्ने साथै चेक काटिएको तर सटही गर्न बाँकी रहेका कार्यालयहरु तथा रकमको विवरण तत्काल समितिमा |

| | | |
|---|---|---|
| | | उपलब्ध गराउन निर्देशन दिने,<br>४.नेपाल सरकारबाट हुने भुक्तानीलाई विद्युतीय प्रणाली (E-payment) मार्फत गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने । |
| १०३ | २०७४/०४/२५ | १. समितिमा प्राप्त राष्ट्रिय प्राकृतिक स्रोत तथा वीत्त आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७४ र अन्तर सरकार वीत्त व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७४ समितिका माननीय सदस्यहरुलाई बितरण र सामान्य छलफल भयो,<br>२. उक्त विधेयकहरुका सम्बन्धमा सैद्धान्तिक छलफलका लागि सो विषयका जानकार विज्ञहरुसँग छलफल गर्ने निर्णय गरियो,<br>३. समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो । |
| १०४ | २०७४/०४/२७ | १.राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७४ का सम्बन्धमा माननीय अर्थ मन्त्रीज्यूले विधेयक ल्याउनका कारण र संशोधनकर्ताहरुले संशोधन राख्नुका औचित्यका सम्बन्धमा सैद्धान्तिक छलफल भयो,<br>२.समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो । |
| १०५ | २०७४/०५/०१ | १.देशका विभिन्न क्षेत्रहरुमा हालैको अविरल वर्षाका कारण आएको बाढि, पहिरो, डुबान, कटानबाट पिडित व्यक्तिहरुको तत्काल खोजी तथा उद्दार कार्यलाई प्रभावकारी ढंगले संचालन गर्न सरकारका सबै निकायहरु एवं अन्य संघ संस्थाहरुलाई परिचालन गरी समन्वयात्मक ढंगले कार्य अगाडि बढाउन सरकारलाई निर्देशन दिने,<br>२.अविरल वर्षाका कारणबाट उत्पन्न बाढि पहिरो र डुबानमा परी ज्यान गुमाएका व्यक्तिहरुको परिवारका लागि प्रति मृतकको लागि रु.पाँच लाखका दरले सहयोग रकम उपलब्ध गराउन तथा बाढि पहिरो प्रभावित क्षेत्रहरुमा तत्काल राहत प्याकेज घोषणा गरी विशेष कार्यक्रम प्रारम्भ गर्न सरकारलाई निर्देशन दिने साथै सबै नेपाली नागरिकहरुलाई बैंकमा अनिवार्य खाता खोल्न लगाई सरकारले उपलब्ध गराउने राहत लगायतका रकम सिधैं सम्बन्धित खातामा उपलब्ध गराउने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने,<br>३ बाढि पहिरो डुबान प्रभावित क्षेत्रमा बृद्धबृद्धा, बालबालिका, असक्त, अपाङ्ग, सुत्केरी तथा गर्भवती महिलाहरुको लागि छुट्टै राहत सहयोगको व्यवस्था गर्न सरकारलाई निर्देशन दिने,<br>४.बाढि, पहिरो, डुबान र कटान प्रभावित क्षेत्रमा बिरामी परेका व्यक्तिहरुको लागि सरकारले निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्ने र त्यस्ता स्थानहरुमा उत्पन्न हुन सक्ने माहामारी नियन्त्रणको लागि आवश्यक प्रबन्ध गर्न सरकारलाई निर्देशन दिने,<br>५.बाढि पहिरो र डुबानमा परेका जनताको लागि राहत सामाग्री, खाद्यान्न, लत्ता कपडा र स्वच्छ खानेपानीको अभाव हुन नदिन यथोचित प्रबन्धको लागि तत्कालै सम्बन्धित निकायले काम अगाडी बढाउने गरी कार्य गर्न सरकारलाई निर्देशन दिने,<br>६.नेपालका विभिन्न नदीहरुमा बाँधिएका बाँधको यथोचित र उपयुक्त ढंगले संचालन गरी आगामी दिनमा डुबान, बाढि र कटानको समस्या आउन नदिन सम्माननीय प्रधामन्त्रीज्यूको भारत भ्रमणको समयमा मित्र राष्ट्र भारतसँग दुई पक्षीय वार्ता र कुटनीतिक पहलको माध्यमबाट ती समस्याहरुको दीर्घकालीन समाधान खोज्न सरकारलाई सुझाव दिने, |

| | | |
|---|---|---|
| | | ७.नेपालमा बाढि पहिरो, डुबान र कटानको समस्या बर्षेनी आइरहने समस्या भएकोले त्यस्ता स्थानहरुको पहिचान गरी दीर्घकालीन समस्या समाधानका लागि सुरक्षित बस्ती योजना लागू गरी नदी नियन्त्रण, चुरे संरक्षणका कार्यक्रमहरु तत्काल लागू गरी कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिने,<br>८.देशका विभिन्न क्षेत्रमा बाढि, पहिरो, डुबान र कटानको कारणबाट नोक्सान भएको बस्ती, बालीनाली, बस्तुभाउ, पशुपंक्षी, सरकारी भवन लगायतको क्षतिको एकिन तथ्याङ्क निकाली आवश्यक राहत सहयोगको व्यवस्था गर्न सरकारलाई निर्देशन दिने,<br>९.विपद् व्यवस्थापन विधेयकलाई तत्काल संसदमा पेश गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,<br>१०. बाढि, पहिरो डुबानबाट पीडितहरुको उद्दार र राहतको लागि स्रोतको अभाव हुन नदिई स्रोतको सहज व्यवस्थापन गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिने,<br>११. विकास साझेदार र अन्तराष्ट्रिय समूदायसँग तत्काल समन्वय गरी वैदेशिक सहयोग परिचालन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,<br>१२.बाढि, पहिरो, डुबान, कटान, भूकम्प, आगलागी जस्ता प्राकृतिक प्रकोप नियन्त्रणको पूर्व तयारी, घटना घटे पछि लगत्तै उद्दार, राहतको काम गर्न, क्षतिपूर्ति र पुर्नस्थापनाका कामहरुलाई समन्वयात्मक रुपमा अघि बढाउन, अनुगमन एवं संयोजनको काम गर्न उपयुक्त संयन्त्र स्थापना गर्न नेपाल सरकारलाई निर्देशन दिने,<br>१३. प्राकृतिक प्रकोपको नियन्त्रणका लागि पूर्व तयारी र प्रकोप पश्चात् तत्काल उद्दार र राहतका लागि सातवटै प्रदेशमा उद्दार केन्द्रहरुको स्थापना गर्ने व्यवस्था मिलाउन सरकारलाई निर्देशन दिने,<br>१४.प्राकृतिक प्रकोप प्रभावित क्षेत्रहरुमा तत्काल गरिने उद्दार र राहतको काम बाहेक अन्य कामहरु स्थानीय स्तरमा स्थानीय तह, जिल्ला स्तरमा जिल्ला दैवी प्रकोप उद्दार समिति र केन्द्रीय दैवी प्रकोप उद्दार समिति मार्फत समन्वयात्मक रुपमा गर्न गराउन नेपाल सरकारलाई निर्देशिन दिने,<br>१५.व्यवस्थापिका-संसद अर्थ समितिको मिति २०७१।६।१२ मा बसेको बैठकले नेपाल सरकारका सम्बन्धित निकायलाई बाढि, पहिरो, डुबान एवं दैवी प्रकोपको लागि दिइएको दीर्घकालीन समस्या समाधानका सुझावहरुलाई कार्यान्वयन गर्न पुन : ध्यान आकर्षण गर्ने । |
| १०६ | २०७४ /०५/ ०२ | १. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ का सम्बन्धमा विज्ञहरु क्रमश : श्री मोहन बञ्जाडे, श्रीराम पन्त, श्री पुष्पराज कँडेल, श्री डा. खिमलाल देवकोटा, श्री दिनेश थपलिया, श्री डोरमणी पौडेल, श्री कृष्णप्रसाद सापकोटा र डा. गोविन्द बहादुर थापासँग छलफल गरियो,<br>२. समितिको अर्को बैठक मिति २०७४।५।४ गते बस्ने गरी स्थगित भयो । |
| १०७ | २०७४ /०५/ ०४ | १. अन्तर सरकारी वीत्त व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७४ का सम्बन्धमा विधेयक ल्याउनका कारण र संशोधनकर्ताहरुले संशोधन राख्नुका औचित्यका सम्बन्धमा सैद्धान्तिक छलफल भयो,<br>२. समितिमा प्राप्त संशोधन सहितको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ का सम्बन्धमा दफावार छलफल गरी दुई महिना भित्र समिति समक्ष प्रतिवेदन पेश गर्न |

| | | |
|---|---|---|
| | | देहाय बमोजिमका माननीय सदस्यहरु रहनु भएको "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेका विधेयक"सम्बन्धी एक उपसमिति गठन गर्ने निर्णय भयो । उपसमितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।<br><br>क्र.सं. नाम, थर<br>१. मा. श्री नरबहादुर चन्द<br>२. मा. श्री मदनकुमारी शाह (गरिमा)<br>३. मा. श्री मनोहर नारायण श्रेष्ठ<br>४. मा. श्री रमणी राम<br>५. मा. श्री रीता शाही<br>६. मा. श्री शेरबहादुर तामाङ<br>७. मा. श्री सिर्जना तरामु खत्री<br>८. मा. श्री सुरेन्द्र प्रसाद पाण्डे<br>९. मा. श्री हरिलाल ज्ञवाली<br><br>३.समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो । |
| १०८ | २०७४/०६/०८ | १. समितिमा प्राप्त संशोधन सहितको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ का सम्बन्धमा दफावार छलफल गरी उपसमितिद्वारा तयार पारिएको प्रतिवेदन उपसमितिका माननीय सदस्य श्री हरिलाल ज्ञवालीले समिति समक्ष पेश गर्नु भयो,<br>२. समितिमा उपसमितिले तयार पारेको प्रतिवेदन माथि विस्तृत छलफल हुनुका साथै उक्त विधेयक प्रतिवेदनहरुमा सामान्य संशोधन सहित पारित गरियो र उक्त विधेयक प्रतिवेदनहरु व्यवस्थापिका-संसदको आगामी बैठकमा पेश गर्ने निर्णय भयो,<br>३. समितिको अर्को बैठक मिति २०७४।०६।०९ गते कृषि तथा जलस्रोत समितिसँग संयुक्त बस्ने निर्णय भयो । |
| १०९ | २०७४/०६/०९ | व्यवस्थापिका-संसद, अर्थ समिति र कृषि तथा जलस्रोत समितिको संयुक्त बैठकअर्थ समितिका सभापति मा. श्री प्रकाश ज्वालाको अध्यक्षतामा बस्यो । बैठकमाकृषि तथा जलस्रोत समितिका सभापतिको पनि उपस्थिति रहेको थियो । बैठकमा देहाय बमोजिमका विषयहरुमा छलफल एवं |

| | | |
|---|---|---|
| | | निर्णय भयो :<br><br>**<u>निर्णयहरु</u> :**<br><br>१. बुढी गण्डकी जलविद्युत आयोजना सम्बन्धमा मन्त्रिपरिषद र ऊर्जा मन्त्रालयबाट भएका निर्णय नेपालको प्रचलित नियम कानून सम्मत नदेखिएको, सार्वजनिक खरिद ऐनलाई उल्लघंन गरेको, खुला प्रतिस्पर्धा नगराएको र नेपाल जलविद्युत क्षेत्रमा असफल सावित चिनिया गेजुवा ग्रुप कम्पनीसँग हचुवाको भरमा समझदारी (MOU) गरिएको कारण यो प्रक्रिया तत्काल खारेज गर्न निर्देशन दिने,<br><br>२. ऊर्जा राज्यमन्त्रीबाट बुढी गण्डकी जलविद्युत आयोजनाको नेपालले आफ्नै बजेटबाट निर्माण सकिने र अर्थ मन्त्रालयको तर्फबाट आयोजना सम्पन्न गर्न सक्ने गरी श्रोतको व्यवस्थापन गर्न सकिने अभिव्यक्ति आएको पृष्ठभूमीमा नेपालले नेपाली जनताको सहभागिता र नेतृत्वमा यो आयोजना यथाशिघ्र निर्माण गर्ने गरी अगाडि बढाउन निर्देशन दिने,<br><br>३. मुअब्जा बितरण कार्यलाई निरन्तरता दिन सम्बन्धित पक्षलाई निर्देशन दिने,<br><br>४. मुअब्जा वितरण कार्यलाई सहजता दिनका लागि उक्त क्षेत्रका नागरिकहरुलाई मुअब्जाको सट्टा शेयर लिन आर्कषित गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण गर्ने । |
| ११० | २०७४/०६/२८ | १. किसानले प्रयोग गर्ने ३००० सिसिभन्दा कम क्षमताका ट्याक्टरमा मूल्य अभिबृद्धि कर छुट दिन नेपाल सरकारलाई निर्देशन दिने,<br><br>२. क्यान्सर र कलेजो, मुटु, मृगौला जस्ता अंगसँग सम्बन्धित रोगबाट ग्रसित नागरिकहरुलाई उपलब्ध गराउने सुविधामा बृद्धि गर्न नेपाल सरकारलाई निर्देशन दिने,<br><br>३. महिला स्वास्थ्य स्वयम सेविकाहरुको सुविधा बृद्धि गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,<br><br>४. कृषि, पशु-पंक्षीपालन, कृषि उपजको मध्यम स्तरको प्रविधिमा आधारित प्रशोधन, प्याकेजिङ्ग, भण्डारण जस्ता व्यवसायमा संलग्न सहकारी संघ संस्थाहरुलाई कर छुट दिन सम्बन्धित निकायलाई निर्देशन दिने । |